नेपाली राजदूतावास
कुवेत
**Embassy of Nepal**
State of Kuwait.

سفارة نيبال
دولة الكويت

## प्रेस विज्ञप्ति

सुरक्षित वित्तीय व्यवस्थापन, विप्रेषणका विविध पक्षहरू एवम् महत्त्वपूर्ण कानुनी व्यवस्था तथा श्रम सम्बन्धी जानकारी प्रदान गर्ने उद्देश्यले "श्रम तथा वित्तीय सचेतना" विषयक कार्यक्रम मिति ०२ मार्च २०२६ मा नेपाली राजदूतावास, कुवेतको सभाहलमा आयोजना गरियो।

कुवेतका लागि नेपाली राजदूत महामहिम श्री घनश्याम लम्सालज्यूले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै कुवेतमा नेपाली श्रमिकको रोजगारीलाई थप व्यवस्थित, सुरक्षित र मर्यादित बनाउन आवश्यक पहल गर्ने बताउँदै सुरक्षित वित्तीय व्यवस्थापन, विप्रेषण तथा श्रमका विविध पक्षमा जानकारी दिनुभयो। सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणका लागि सबैको सहयोग महत्त्वपूर्ण हुने बताउँदै विदेशमा रही अनौपचारिक रूपमा विप्रेषणको काम/कारोबार (हुण्डी) गरेको वा सङ्कलित रकम नेपाल नपठाउने गरेको जानकारी भएमा राजदूतावासलाई सूचना प्रदान गर्न समेत सबैलाई अनुरोध गर्दै यस्तो कार्य कुनैपनि रूपमा रहेको भए पूर्णरूपमा बन्द गर्नको लागि कुवेतमा कार्यरत नेपाली संघ संस्थाहरूको सहयोग अझ महत्त्वपूर्ण हुने बताउनुभयो। कार्यक्रममा सहभागीहरूले विषयवस्तुसँग सम्बन्धित जिज्ञासा राय र सुझाव राख्नुभएको थियो।

गैर आवासीय नेपाली संघ कुवेतका प्रतिनिधिहरू, नेपाल पत्रकार महासंघ कुवेत शाखाका प्रतिनिधि, विभिन्न नेपाली संघसंस्थाका प्रतिनिधिहरू, स्थानीय पत्रकारहरू, राजनीतिक दलका भातृसंगठनका प्रतिनिधिहरू एवम् नेपालमा विप्रेषणमार्फत रकम पठाउने बैंक, वित्तीय संस्था तथा Money Transfer Agency का प्रतिनिधिहरू लगायतको उपस्थिति रहेको कार्यक्रम सौहार्दपूर्णरूपमा सम्पन्न भयो।

२०८३ वैशाख २० गते (२०२६ मे ०३)
नेपाली राजदूतावास, कुवेत


नेपाली राजदूतावास, कुवेत
Embassy of Nepal, Kuwait
कार्यक्रम
श्रम तथा वित्तीय सचेतना
२ मे २०२६


EMBASSY OF NEPAL
STATE OF KUWAIT



Embassy of Nepal, Kuwait
श्रम तथा वित्तीय सचेतना
EXIT